बालबालिकाका लागि बाइबल

को प्रस्तुती



असल राजा, खराब राजा

लेखन: Edward Hughes

चित्र: Lazarus; Alastair Paterson

संयोजन: Ruth Klassen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

BFC
PO Box 3
Winnipeg, MB R3C 2G1
Canada

©2021 Bible for Children, Inc.

अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

त्यो दिन मनष्षेको लागि दुःखको दिन थियो। उनको पिता हिजकियाह भरखर मरेको थियो। परमप्रभुको मानिसहरूको लागि बाह्र वर्शिय मनष्षे यहूदाका राजा भए। उनलाई केही कुरा थाह थिएन तर उनले पचपन्न वर्श राज गरे। मनष्षेले असल राजा हुन परमप्रभुको सहायता मागे।

तर मनष्षेले परमप्रभुलाई इन्कार गरे अनि दुश्ट कार्य गरे। मनष्षेले मूर्ति-पूजाको लागि एउटा वेदी बनाए। उनले एउटा खोपेर चित्र बनाए अनि परमप्रभुको पवित्र मन्दिरमा राखे। मोषाद्वारा परमप्रभुले भन्नुभयो, "तिमीले कुनै खोपेर मूर्ति नबनाउनु अनि त्यसको अघि तिनीहरूलाई ननिहुरिनु नता सेवा गर्नु।"



मनष्षेले जादू अनि
टूना-मूनाहरू चलाउँदथे।
उनले मानिसहरूलाई
परमप्रभुबाट अगल गरे।
राजाले मूर्तिहरूलाई
बलिदान चढ़ाउन
आफ्नै छोरालाई
जलाए। मनष्षेको
अनाज्ञाकारीताले
परमप्रभुलाई
रीस उठाए।



जब उहाँको मानिसहरूले उहाँको अनादर गरे तब परमप्रभुले तिनीहरूलाई दण्ड दिन चाहे। मनष्षे अनि तिनीहरूको मानिसहरूलाई के भयो। तब परमप्रभुले तिनीहरूमाथि अष्षूका सेनाहरू ल्याउनुभयो। मनष्षे साङ्लासंग बाबेलमा लगिए।



बाबेलमा संघर्श गरिरहेको बेला मनष्षेले परमप्रभुलाई बिन्ती गरे। उनले आफैलाई विनम्र तुल्याएर परमप्रभुको अघि बिन्ती चढ़ाए। मृत मूर्तिहरूको लागि प्रार्थना नगर। तर सबै दुश्टकार्यहरू गरेपछि के जिउँदो परमप्रभुले मनष्षेलाई उत्तर दिनुभयो?

हो! परमप्रभुले राजाको प्रार्थना
सुने अनि उनलाई यरूषलेममा,
राजगद्दीमा अनि मानिसहरूमाथि
षासन गर्न फर्काएर ल्याए।
त्यसपछि मनष्षेले परमप्रभु
परमेष्वर हो भनी थाह पाए।

राजा मनष्षे नयाँ राजा भए अनि उनले सबै मूर्तिहरू अनि सबै अरू मूर्तिहरू यरूषलेमबाट हटाइदिए। उनले परमप्रभुको वेदीलाई मरमत गरे अनि परमप्रभुलाई धन्यवादको भेटी चढ़ाए। त्यसपछि इस्राएलको परमप्रभुलाई सेवा गर भनी मनष्षेले उनका मानिसहरूलाई हुकूम गरे। कस्तो मौका मनष्षेको लागि।



जब मनष्षे मरे तब उनको छोरो आमोनले पनि मूर्ति पूजा गरे। मनष्षेझैं तिनी परमप्रभुको सामने विनम्र भएनन्। तिनको अपराध झन् बढ़दै गए तब उनकै दासहरूले तिनलाई आफ्नै महलमा मारे अनि उनले दुइ वर्श राज्य गरे।



अर्को राजा योषियाह थिए
जो आठ वर्श पुगेका थिए।
परमप्रभुको अघि जे असल
छ त्यही उनले 31 वर्श गरे।
उनले सबै झूटा आराधना
अनि देवता-देवीहरू
बत्काइदिए। यहाँसम्म कि
उनले सबै देवता-देवीहरूलाई
धूलो-पीठो बनाइदिए।

असल राजा योषियाहले परमप्रभुको मन्दिर सफा अनि मरमत गरे। पूजाहारीहरूले मैलाहरूको बीचमा मोषालाई दिएका परमप्रभुको व्यवस्थाको किताब तिनीहरूले पाए।





जब राजाले व्यवस्थाको
षब्दहरू सुने तब तिनले
आफ्नो लुगा च्यातेर
दुःखीत भएः कस्तो
परमप्रभुको व्यवस्थालाई
अनादर गरेको दुश्ट
पिता-पूर्खाहरूले भनी
तिनले थाह पाए।

हल्दा अगमवादिनीले योषियाहलाई परमप्रभुको सन्देष दिइन्, "परमप्रभु भन्नुहुन्छ, हेर, त्यस पुस्तकमा लेखिएका सबै सरापहरू यस देषमा ल्याउनेछु किनकि तिनीहरूले मलाई त्यागेको छ।" तर तिनी आज्ञाकारी अनि
नम्र भएको हुने तिनलाई मृत्युसम्मै
केही हुनेछैन भनी भन्नुभयो।



परमप्रभुले योषियाहलाई उनको मानिसहरूलाई परमप्रभुतर्फ फर्काउन सहायता गर्नुभयो। एकदिन सेनाहरूलाई अगुवाइ गरिरहेको बेला षत्रुहरूको काँड़ले लागेर योषियाहलाई चोट लाग्यो। तिनको दासहरूले तिनलाई रथमा हालेर यरूषलेममा ल्याए जहाँ तिनी मरे। सबै जना षोकले भरिए अनि असल राजा योषियाहको लागि तिनीहरूले गीत रचे।



केही समय पछि राज्य समाप्त भयो। तर केही दिन पछि इस्राएलमाथि राज गर्न एउटा राजा आउनुहुनेछ। उनको नाउँ राजाहरूका राजा अनि प्रभुहरूका प्रभु हो। जब परमप्रभु पहिलो चोटि आए तब उहाँलाई तिरस्कृत अनि क्रूसमा टाँगिदिए। अब जब फेरि आउनुहुनेछ तब इस्राएलको मात्र होइन तर सारा पृथ्वीको नै राजा भएर आउनुहुनेछ।

असल राजा, खराब राजा

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

2 इतिहास 33-36

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।”

भजनसंग्रह ११९:१३०

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो । तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गऱ्यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गऱ्यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन ।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६